सिदिङ्वा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

साब्लाखु, ताप्लेजुङ

१ नं. प्रदेश,नेपाल

सूचना नं. ०४-२०७७।०७८

मितिः-२०७७।०५।३१

**बिषयः- सामाजिक सूरक्षा भत्ताको लाभग्राहीहरुले बैंक खाता खोल्ने बारेको सूचना !!**

प्रस्तुत बिषयमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको च.नं. १६९६, मिति २०७७।०३।११ को पत्र तथा च.नं. ३०१, मिति २०७७।०४।३२ को पत्रानुसार चालु आ.ब. २०७७।०७८ को पहिलो चौमासिकबाट सामाजिक सूरक्षा भत्ता अनिवार्य रुपमा बैंकिङ प्रणालीबाट भुक्तानी गर्ने भनि गाउँ कार्यपालिकाको बैठक संख्या ७४-०२-२०७७।०७८ मिति २०७७।०५।३० गतेको बैठकबाट निर्णय भएको छ। उक्त प्रयोजनको लागी यस गाउँपालिका र लक्ष्मी बैंक लिमिटेड, साब्लाखु शाखा बिच मिति २०७७।०५।३१ गते संझौता भइ सकेको छ। त्यसर्थ यस गाउँपालिकाका सम्पुर्ण सामाजिक सूरक्षा भत्ताका लाभग्राहीहरुले देहाय वमोजिमको मिति समय र स्थानमा आबश्यक कागजात सहित बैंक खाता खोल्न उपस्थित भइ दिनु हुन संबन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**देहायः-**

| क्र.सं. | वडाको नाम | खाता खोल्ने मिति | समेटिने वडा | स्थान |
|---|---|---|---|---|
| १ | लिम्बुदिन | २०७७।०६।०३ गते | साविक ४ | सुनगाभा विद्यालय – ७ बजे |
| | | | साविक ३ | वडाध्यक्षको घरमा – ११ बजे |
| | | | साविक १ | ठाडो घर – २ बजे |
| | | २०७७।०६।०४ गते | साविक २ | चौतारे घर – ७ बजे |
| | | | साविक ५, ६, ७,८, ९ | लिम्बुदिन स्वास्थ्य चौकी – १० बजे |
| २ | साब्लाखु | २०७७।०६।०५ गते | साविक १, २ र ३ | पदम लिङदेनको घरमा – ७ बजे |
| | | २०७७।०६।०६ गते | साविक ४,५,६ | वडा कार्यालय – ७ बजे |
| | | २०७७।०६।०७ गते | साविक ७,८ र ९ | स्वास्थ्य चौकी – ७ बजे |
| ३ | आंखोप | २०७७।०६।०८ गते | साविक ७,८ र ९ | चिवेपानी विद्यालय – ७ बजे |
| | | २०७७।०६।०९ गते | साविक ४,५ र ६ | वडा कार्यालय – ७ बजे |
| | | २०७७।०६।१० गते | साविक १,२ र ३ | जलेश्वरी विद्यालय – ७ बजे |
| ४ | मेहेले | २०७७।०६।११ गते | साविक १ र २ | खुवा आ.बि. – ७ बजे |
| | | | साविक ३ | वडाध्यक्षको घरमा – १ बजे |
| | | २०७७।०६।१२ | साविक ४ र ५ | जसोदा आ.वि. – ७ बजे |
| | | | साविक ६ | छविलाल चौहानको घरमा – १ बजे |
| | | २०७७।०६।१३ | साविक ७, ८ र ९ | वडा कार्यालय – ७ बजे |

५।३१

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सिदिङ्वा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

साब्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश,नेपाल

पुनश्चः

१. कालिखोला, सादेवा र सुरुंखिमको हकमा लक्ष्मी बैंकको प्रतिनिधिहरु संबन्धित लाभग्राहीको घर घरमा नै गई खाता खोलिनेछ ।

२. गाउँपालिकाका स्थायी बासिन्दा नागरिकहरु (सामाजिक सूरक्षा भत्ताका लाभग्राहीहरु) जो गाउँपालिका बाहिर रहनु भएको छ, निजहरुले समेत २०७७ असोज २५ गते भित्रमा लक्ष्मी बैंकको कुनै शाखामा खाता खोली सो को जानकारी यस कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

## आबश्यक कागजातहरु:

**१. ज्येष्ठ नागरिक, ज्येष्ठ दलित, एकल महिला र विधवा महिलाको हकमा**

पासपोर्ट साइजको फोटो – १ प्रति, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि – १ प्रति, संरक्षक राख्न चाहनेको हकमा संरक्षकको नागरिकताको प्रतिलिपि – १ प्रति, संरक्षकको पासपोर्ट साइजको फोटो – १ प्रति, सामाजिक सुरक्षा भत्ताको परिचय पत्रको प्रतिलिपि – १ प्रति

**२. बालबालिकाको हकमा:**

बालबालिकाको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि – १ प्रति, संरक्षकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि – १ प्रति, पासपोर्ट साइजको फोटो – १/१ प्रति, सामाजिक सुरक्षा भत्ताको परिचय पत्रको प्रतिलिपि – १ प्रति

**३. अपांगको हकमा**

अपांग परिचय पत्रको प्रतिलिपि – १ प्रति, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि – १ प्रति, नाबालक भए जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि – १ प्रति, संरक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि – १ प्रति, पासपोर्ट साइजको फोटो – १ प्रति, सामाजिक सुरक्षा भत्ताको परिचय पत्रको प्रतिलिपि – १ प्रति

प्रमुख प्रशासकीय अधिकृत

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner